# दक्षिणकाली नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं
बागमती प्रदेश, नेपाल

### अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आव्हान गरिएको सूचना

(सूचना प्रकाशित मिति २०८१/१२/२७)

बागमती प्रदेश सरकारको सशर्त कार्यक्रम अन्तर्गत आ.ब २०८१/०८२ का लागि अपाङ्गता भएका व्यक्तिहरुको सामाजिक आर्थिक सशक्तीकरण गरी विकासको मुल प्रवाहमा ल्याउने उदेश्यले प्रदेश सरकार सामाजिक विकास मन्त्रालय मार्फत स्थानीय तहमा अपाङ्गता भएका व्यक्तिहरुको लागि समुदायमा आधारित पुनर्स्थापना (CBR) कार्यक्रम यस नगरपालिका भित्र रहेका अपाङ्गता सम्बन्धी काम गर्ने संस्थाहरुको साझेदारीमा संचालन गर्न यो सूचना जारी गरिएको हो । यो सूचना जारी भएको मितिले १५ (पन्ध्र) दिन (अन्तिम दिन विदा भएमा त्यस पछिको कार्यालय लाग्ने दिन) भित्र योग्यता पुगेका इच्छुक गैर सरकारी संस्थाले तपसिलको रित र शर्त पुरा गरी प्रस्ताव पेश गर्नुहुन यो सूचना मार्फत जानकारी गराईन्छ। कार्यक्रम संचालन कार्यविधि, २०८० को दफा ८ र ९ को अधिनमा रहि संचालन गर्नुपर्ने छ। सामाजिक विकास मन्त्रालयबाट प्राप्त निर्देशिका बमोजिम संस्था छनौट गर्ने अधिकार समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम समन्वय तथा अनुगमन समितिलाई हुनेछ। तोकिएको समय भित्र प्रस्ताव पेश गर्नु हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

१. दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु

क. अपाङ्गता क्षेत्रमा काम गरेको अनुभव सम्बन्धी कागजातहरु,

ख .संस्था दर्ता नवीकरण, विधान, प्रशासनिक र आर्थिक नियमावलीको छांयाकपी,

ग. समाज कल्याण परिषद्को आवद्धता प्रमाणपत्र,

घ. आ.ब.२०८०/०८१ को लेखापरिक्षण प्रतिवेदन प्रतिलिपि,

ङ. संस्थाको भौतिक पुर्वाधारको अवस्था दर्शाउने कागजात, पदाधिकारी र कर्मचारीको अवस्था दर्शाउने कागजात,

च. संस्थाको निवेदन कार्यक्रम प्रस्तावना र हाल सम्म गरेका कार्यहरुको विवरण साथै नगरपालिकासँग साझेदारीमा सम्पन्न गरेका कार्यक्रमको विवरण,

छ. आर्थिक प्रस्ताव छुटै खाममा खामबन्दी गर्नुपर्ने,

ज. संस्था यस नगरपालिकामा सूचिकृत भएको प्रमाण पत्र, करचुक्ता र प्यान दर्ता प्रमाणपत्रको प्रतिलिपि,

झ. कार्यालयको प्रोफाईल र आवश्यक अनुसार अन्य कागजातहरु,

साथै,

क. प्रस्ताव दर्ताको लागि कुनै शुल्क लाग्ने छैन।

ख. प्रस्ताव अपाङ्गता भएका व्यक्ति तथा परिवारको क्षमता अभिवृद्धि शिक्षा, स्वास्थ्य सिप आदिमा आय आर्जन तथा स्वावलंबन बनाउन लक्ष्यित हुनु पर्ने।

ग. प्रस्तावनामा कुनै प्रशासनीक खर्च उल्लेख गर्न पाईने छैन।

बजेट तथा कार्यक्रम

| सिनं. | कार्यक्रम शिर्षक | बजेट रकम | कार्यक्रम सम्पन्न गर्ने समय | कैफियत |
|---|---|---|---|---|
| १. | समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम | २७००००।- | जेठ मसान्त | |

प्रस्ताव दर्ता गर्ने स्थान: दक्षिणकाली नगरपालिका फर्पिङ्ग, काठमाडौं

(जनार्दन रिजाल)
शिक्षा निर्देशक